A NEWSLETTER BY

# Hydro Solutions

Agro. Capital Market. Education. Hydropower. Industry. Real Estate. Tourism.

Volume 7 Issue 3 01-7- 2023
www.hydrosolutions.com.np

## *"Political mayhem is constricting FDI in hydro projects"*



ER. GYANENDRA LAL PRADHAN
EXECUTIVE CHAIRMAN

Hydropower provides unique benefits that are rarely found in other sources of energy. Hydropower deserves full acknowledgment as an environment friendly and socially compatible clean sustainable renewable form of electricity generation. Hydropower is not only about energy production for productive sectors but also a powerful means of bringing in socio-economic transformation and development of villages. Completion of a single hydel project changes the economic and social landscape in villages. It provides employment opportunities, local infrastructure development like rural electrification, rural road and bridges, drinking water and irrigation schemes, health facilities, local skill development, empowerment through ownership (shares to the community based companies), market development, reduction in deforestation and many more. Nepal is immensely rich in Hydropower with annual run off of 224 billion meter cube. As per Hydro Solutions' (HSL) estimates, with more than 6000 rivers and rivulets, the total hydropower potential of Nepal stands at around 200,000 MW against the popularly assumed figure of 83,000 MW. Nepal- the fourth richest hydroelectric rich country in the world and second in Asia after China is a golden investment gateway to enter the huge energy craving and emerging Indian power market.

Changes in water levels in rivers and lakes, in ice sheets and even under the ground has been one of the key consequences of global warming. It is said that effect of global warming on hydropower is seen in the form of dry months flow going down and wet months flow increasing. Nepal is lucky on this. Due to its huge storage capacity, dry month production can be significantly augmented if properly regulated. This is also associated with other multiple benefits, such as flood control, increased regulated flow facilitating navigation and increased area under irrigation in lean season for regional benefit. Thus, in case of Nepal, global warming has minimum impact on Hydropower. It is encouraging to note that pre-construction activities of hydropower projects with cumulative capacity of 5000MW has been initiated in Nepal. This is estimated to bring in over 10 billion dollars equivalent FDI into the Country by 2010/11/12. Why don't you be the first to invest amongst the forerunners?

As a key player in the hydropower sector, the insights obtained into the dynamic intricacies of hydropower has motivated HSL to spearhead the initiative to provide comprehensive service on hydropower and contribute to sustainable hydropower development in hydroelectric rich Nepal. It is your confidence and belief in our team work that allows us to look forward to the increasing demands of the future with confidence. And for this, we would like to offer out heartfelt thanks.








Our Services

- Consultancy • Project planning & design • Policy advise & advocacy
- Project finance • Construction management • Operations and maintenance

www.hydrosolutions.com.np

नयाँ नेपालको आधार
जल र विद्युतको विकास


## INSIDE

HSL's Corporate Social Responsibility(CSR)

Kodak Moment Er. Gyanendra Lal Pradhan Interview

Hydropower News

## MANAGEMENT QUOTES

"Management is efficiency in climbing the ladder of success; leadership determines whether the ladder is leaning against the right wall."

– Stephen Covey

" Leadership is working with goals and vision; management is working with objectives."

– Russel Honore

## Edtoon



# Corporate Social Responsibility(CSR)



*Our CSR mission is to maximize our positive influences and minimize negative effects on all of the communities within which we live, work and serve.*







Rotary kasthamandap health camp at Pithauli

# GENERAL UPDATES

"Water is fluid, soft, and yielding. But water will wear away rock, which is rigid and cannot yield. As a rule, whatever is fluid, soft, and yielding will overcome whatever is rigid and hard. This is another paradox: what is soft is strong."

- Lao-Tzu (600 B.C.)

"When you put your hand in a flowing stream, you touch the last that has gone before and the first of what is still to come."

- Leonardo da Vinci



# KODAK MOMENTS

## ER. GYANENDRA LAL PRADHAN



India Energy Week Banglore India.



Rotary International District 3292- 15th District Conference Inauguration

# Collections Interview
# ER. GYANENDRA LAL PRADHAN




YOUTUBE.COM

जल विद्युतमा अपार संभावना, पार्टीका झोलेहरुको सत्ताबाट बैदेशीक लगानी आउदैन




YOUTUBE.COM

अहिले सेयर बजारमा ट्रेडिङ्ग गर्ने बेला हो, उर्जा क्षेत्रले आशा जगाएको छ | Gyanendra Lal Pradhan

# प्राधिकरणले विद्युत नकिन्दा गुम्यो २ अर्ब, लगानीकर्ता भन्छन्,'ब्याज तिर्न नसकेर सडकमा आउन लाग्यौं'




नेपाल विद्युत प्राधिकरणले कालीगण्डकी कोरिडोर प्रसारण लाइनको कुस्मा-बुटवल खण्ड विविध कारणले अहिलेसम्म निर्माण गर्न सकेको छैन । यसको असर कालीगण्डकी कोरिडोर प्रसारण लाइनमा प्रवाह हुने जलविद्युत आयोजनामा परिरहेको छ । प्रसारण लाइनको यो खण्ड तयार नहुँदा दाना सबस्टेसनमा जोडिएका निजी क्षेत्रका सबै जलविद्युतगृहको विद्युत खेर गइरहेको छ ।

दानासम्म २२० केभीमा प्रवाह भएपनि त्यहाँबाट पोखरा पुर्याउने गरिएकाले १३२ केभी प्रसारण लाइनको क्षमताले नधानेकाले त्यसको व्यायभार अरबौं ऋण लिएर बनेका जलविद्युत आयोजनाका प्रवर्द्धकले भोग्नु परिरहेको छ । थापाखोला, घलेम्दी, मिस्ट्रीखोलालगायत सबै आयोजनाको विद्युत खेर गएको छ ।

४२ मेगावाटको मिस्ट्रीखोला २६ मेगावाटमा मात्रै चल्छ । बाँकी विद्युत सबै खोलामा बगेर गइरहेको छ । यस्तो अवस्था आउनुमा म विद्युत प्राधिकरणको असक्षमता देख्छु । २० मेगावाटको तल्लो मोदी आयोजना बर्खाभर पूर्ण क्षमतामा चल्न पाएन । २० मेगावाट कहिले १० मेगावाटमा चल्यो, कहिले बन्द भयो । तल्लो मोदीको ७ महिनामा २५ करोड रूपैयाँ बढीको आम्दानी गुमेको रिर्पोट आएको छ । प्रतियुनिट औसत ५.१६ रूपैयाँमा खरिद गरेर साढे ८ रूपैयाँ औसत मूल्यमा भारतलाई बिक्री गर्न पाउँदा पनि निजी क्षेत्रको विद्युत खरिद गर्ने प्रबन्ध मिलाउन सक्दैन प्राधिकरण । यो प्रवर्द्धक, स्वंम विद्युत प्राधिकरण र राष्ट्रकै लागि ठूलो क्षति हो ।

विद्युत प्राधिकरणले निजी क्षेत्रका जलविद्युतगृहले उत्पादन गरेको सबै विद्युत खरिद गरिदिएको भए निर्यात परिमाण अझै बढ्ने थियो । नेपालले विद्युत निर्यात गरेर बढी विदेशी मुद्रा आर्जन गर्न सक्ने थियो । २ अर्ब रूपैयाँ बढीको विद्युत खेर जाँदा यसको जिम्मेवार प्राधिकरणले नेतृत्व हुनुपर्दैन ? सबै क्षेत्रमा मन्दी चलिरहेका बेला जलविद्युत क्षेत्रमात्रै अहिले अगाडि आएको छ । जलविद्युत क्षेत्रले नै नेपालको समृद्धिका लागि आशा देखाएको छ । यही क्षेत्रमा खरबौंको प्रत्यक्ष वैदेशिक लगानी भित्रिरहेको छ । भारत र बंगलादेश लगानीका लागि आग्रसर देखिएका छन् । १.४ बिलियन डलर बंगालादेशको लगानी आउने भइसकेको छ । चीनको लगानी पनि छ ।

विद्युत देशभित्र उपयोग नभइरहेको बेलामा छिमेकी देशमा निर्यात गरेर विदेशी मुद्रा आर्जन गर्ने ढोका खुलेको छ । प्राधिकरणले आफ्नो जिम्मेवारी पूरा गरेर निजी क्षेत्रका जलविद्युत आयोजनाको विद्युत खरिद नगरिदिँदा लगानी गर्ने बैंकहरु नकारात्मक बन्दै गएका छन् । आयोजना देखाउने बेलामा एउटा कुरा र अहिले अर्कै कुरा ? भनेर बैंकहरुले भन्न थालिसकेका छन् । जसमा कारण जलविद्युतमा लगानी जुटाउन समस्या हुन थालेको छ ।

लगानीकर्ताको मनोबल पनि कमजोर हुँदै गएको छ । जलविद्युतमा लगानी गर्ने धेरै प्रवर्द्धकहरु अन्य क्षेत्रमा सरिरहेका छन् । जलविद्युत क्षेत्रमा देखिँदै गरेको उज्लायोको आशा आज विद्युत प्राधिकरणकै असक्षमताका कारण अँध्यारोतर्फ धकेलिँदै गइरहेको छ । यो क्षेत्रको दीर्घकालिन विकासका लागि विद्युत खरिद-बिक्री गर्ने बजार व्यवस्थापन गर्ने जिम्मेवारी प्राधिकरणले निर्वाह गर्नुपर्छ ।

एकातिर क्यू२५ मा जलविद्युत आयोजना अधिकतम क्षमतामा निर्माण गर्न भन्ने, अर्कोतर्फ क्यू४० का आयोजनाको विद्युत पनि सबै खरिद गर्न नसक्ने ? यस्तो दोहोरो चरित्र प्राधिकरणले देखाउनु हुँदैन । आज प्राधिकरणले निजी क्षेत्रको विद्युत खरिद नगर्नु भनेको प्रवर्द्धकको मात्र होइन । देशकै लागि ठूलो क्षति हो । यो वर्ष २ अर्ब रूपैयाँ बढीको विद्युत खेर जाँदा यसले प्राधिकरणको क्षमतामाथि नै आशंका उत्पन्न भएको छ । प्राधिकरणले प्रसारण लाइनको सञ्जाल बढाउन सकेको छैन । उसको असक्षमताको सिकार निजी क्षेत्र भइरहेको छ । त्यसकारण मेरो नजरमा जलविद्युतको विकासमा विद्युत प्राधिकरण प्रोत्साहन गर्ने नभई बाधाक बन्न पुगेको छ ।

# भारतको नयाँ नीतिले बिजुली निर्यात नहुने खतरा




सरकारको अकर्मण्यताका कारण वर्षायाममा स्वदेशमा उत्पादित सबै बिजुली खपत भएन/हुँदैन । खेर फाल्नुभन्दा भारतमा बेच्नु जाति भन्ने सिद्धान्तले नेपाल विद्युत् प्राधिकरणले भारतमा बिजुली बेच्ने प्रयास गर्दै आइरहेको छ । गत जूनदेखि प्राधिकरणले ११ अर्ब १६ करोड रुपैयाँको बिजुली भारतलाई बेच्यो । नेपालले गरेको प्रस्ताव स्वीकार गरेमा अबको पाँच वर्षभित्र करिब ७० अर्ब रुपैयाँको बिजुली भारतमा निकासी हुने सम्भावना थियो । तर, भारतको विद्युत् मन्त्रालयले गत डिसेम्बर २ मा एउटा आदेश जारी गर्‍यो । त्यो आदेश थियो– अन्तरराज्य प्रसारण प्रणाली (आईएसटीएस) मा लाग्दै आएको प्रसारण शुल्क हटाउने ।

त्यस्तो शुल्क एक युनिट बिजुलीमा अवस्था हेरी ३५ देखि ५० पैसा (भारू) सम्म लाग्दै आएको थियो । भारतले आफ्नो देशभित्र उत्पादन हुने जलविद्युतको हकमा मात्र यो नियम लागू गरेको हो । यो नीतिगत आदेशले अब नेपालको बिजुली भारतीय बजारमा महँगो पर्ने भयो भने भारतीय जलविद्युत् सस्तो । यसले गर्दा आगामी दिनमा नेपालले निर्यात गर्ने बिजुली प्रभावित हुने चिन्ता बढेको छ ।

भारतले सन् २०२१ को जनवरी २९ तारिख अर्को नीति लागू गर्‍यो । भारतका विद्युत् वितरक कम्पनी अनिवार्य रुपमा सौर्य र जलविद्युत् खरिद गर्नैपर्ने आदेश जारी गर्‍यो । देशमा खपत हुने कुल विद्युत् ऊर्जाको निश्चित प्रतिशत अनिवार्य रुपमा जलविद्युत् हुनै पर्ने व्यवस्था लागू गर्‍यो । यसमा नेपालको जलविद्युत् परेन । अनिवार्य रुपमा जलविद्युत् खरिद (एचपीओ) नीतिमा नेपालको जलविद्युत् पनि समेटिएको भए त्यसले भारतीय ऊर्जा बजारमा नेपालको बिजुलीको ढोका उघ्रिन्थ्यो । भारतले सन् २०२१-२२ देखि सन् २०२९-३० सम्मका लागि विभिन्न दरमा एचपीओ लागू गरेको छ ।

सन् २०२९-३० मा देशमा खपत हुने कुल विद्युत् ऊर्जाको २.८२ प्रतिशत हुनैपर्ने व्यवस्था छ । भारत ऊर्जा खपतमा विश्वकै तेस्रो नम्बरमा पर्छ । भारतको केन्द्रीय विद्युत् प्राधिकरणको प्रतिवेदनअनुसार सन् २०२१-२२ मा भारतमा १३ खर्ब ७४ अर्ब युनिट बिजुली खपत भएको थियो । यस आधारमा हेर्दा भारतले सन् २०२९-३० मा ३८ अर्ब ७४ करोड युनिट बिजुली अनिवार्य रुपमा जलविद्युतकै खपत गरेको हुनुपर्नेछ । यो भनेको नेपालमा गत वर्ष खपत भएको बिजुलीभन्दा ४.१३ गुणा बढी हो । गत वर्ष नेपाल विद्युत् प्राधिकरणले ९ अर्ब ३६ करोड युनिट बिजुली बेचेको थियो ।

भारतले सन् २०३० सम्ममा ५ लाख मेगावाट गैरतापीय (अर्थात् नवीकरणीय) ऊर्जा उत्पादन गर्ने महत्वाकांक्षी लक्ष्य लिएको छ । यो लक्ष्य हासिल गर्न र नवीकरणीय ऊर्जा उत्पादन र खपतलाई बढावा दिन भारतले एचपीओ र आईएसटीएस नीति लागू गरेको हो । यस्ता नीतिमा नेपालको जलविद्युत् समावेश नहुनुले नेपालको कूटनीति अक्षम रहेको प्रमाणित हुन्छ । परराष्ट्र र ऊर्जा मन्त्रालय यसमा चुकेकै हो । परराष्ट्र मन्त्रालयलाई ऊर्जाका विषयमा त्यति चासो हुँदैन । ऊर्जामा केही नबुझ्केको माओवादी मन्त्री डेढ वर्षसम्म बसिन् । त्यसमाथि सचिव पनि ऊर्जाबारे जानिफकार नभई सिँचाइतर्फका परे । नेपाल विद्युत् प्राधिकरणको एकल प्रयासले दुई देशको सम्बन्ध (लेनादेना) मा प्रभाव पर्ने कुरा भएन । यसअघिका प्रधानमन्त्री शेरबहादुर देउवाले सार्वजनिक भाषणमै 'के गर्नु, भारतले नेपालको बिजुली लिँदैन' भने । न परराष्ट्र मन्त्रालय, न ऊर्जा, न त प्रधानमन्त्री कार्यालय यस्ता रणनीतिक विषयमा कहिल्यै पनि गम्भीर बनेनन् ।

निश्चय पनि भारतमा बिजुलीको माग छ । बजार पनि छ । तर, ऊ नेपालको बिजुली 'लत्रक्क परेर' लिन चाहँदैन । विद्युतमा ४ लाख ९ हजार मेगावाट जडित रहेको भारतका लागि नेपालको एक, दुई हजार मेगावाट बिजुली हात्तीको मुखमा जीरा सरह हो । यद्यपि जलवायु परिवर्तन सम्मेलन (कोप २६ र कोप २७) मा भारतले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न, बढ्दो ऊर्जाको माग सम्बोधन गर्न उसलाई नवीकरणीय ऊर्जामा नगई हुँदैन । भारतको सबै विद्युत् माग नेपालले आपूर्ति गर्न नसक्ला । तर, उसका एकाध राज्यको माग भने अवश्य सम्बोधन गर्न सक्छ । विश्वव्यापी रुपमा घट्दै गइरहेको कोइला उत्पादन र यसको बढिरहेको बजार भाउका कारण भारतलाई नवीकरणीय ऊर्जामा जान दबाब परेको हो । उसको कूल ऊर्जा उत्पादनमा कोइला, डिजेल, ग्यास, लिग्नाइट गरी ५७.९ प्रतिशत हिस्सा छ । तापीय ऊर्जाको मात्रा नघटाई भारतलाई सुखै छैन । त्यही भएर एक राज्यबाट उत्पादन भएको बिजुली अर्को राज्यमा पुर्‍याउँदा उसले लिँदै आएको प्रसारण शुल्क (ह्विलिङ चार्ज) मिन्हा गरेको हो ।

भारतको प्रतिस्पर्धी बजारमा एक युनिट बिजुलीमा एक पैसाले पनि धेरै ठूलो फरक पार्छ । त्यसमाथि पचास पैसा (भारू) हट्नु भनेको एक युनिटमा ८० पैसा कम हुनु हो । यो व्यवस्थाले गर्दा आगामी वर्षायाममा नेपालले भारतीय ऊर्जा विनिमय ( आईईएक्स) मा आफ्नो सहज प्रवेश पाउन सक्ने अवस्था छैन । किनभने भारतमै उत्पादन भएको बिजुलीको भाउ सस्तो पर्ने र नेपालको महँगो पर्न जाने हुन्छ । नेपालमा बिजुली उत्पादन लागत त्यसै पनि महँगो भइरहेका बेला भारतको यस्तो नीतिले झन् महँगो तुल्याएको छ । भारतले एक महिनाअघि यस्तो नीति लागू गरिसक्दा नेपालमा भने यसबारे सरकारी स्तरमा कुनै चर्चा भएको समेत सुनिँदैन ।

गएको वर्षायाममा नेपालले करिब ३ सय मेगावाट बिजुली टेण्डर गरी भारतीय बजारमा बेच्न खोज्दा त्यहाँका सबै ऊर्जा आपूर्तिकर्ता कम्पनीहरुले 'सिण्डिकेट' (मिलेमतो) गरी मूल्य हाले । जुन भाउ भारतीय ऊर्जा विनिमयभन्दा पनि कम थियो । प्राधिकरणलाई त्यही ऊर्जा विनिमयमै बेच्दा फाइदा हुने भयो र टेण्डर नै रद्द गरिदियो । ऊर्जा विनिमयको औसत मूल्यभन्दा झन्डै आधामा उनीहरुले प्रस्ताव गरे । यसको ठीक उल्टो यही डिसेम्बरदेखि भारतबाट बिजुली आयात गर्नुपर्ने स्थितिलाई ध्यानमा राखी प्राधिकरणले सुख्खायाम अघि नै भारतबाट आयात गरिने बिजुलीको टेण्डर गरे । त्यसमा पनि भारतीय सरकारी कम्पनीहरुले सरसल्लाह गरी मिलेमतोमा भारतीय ऊर्जा विनिमयको औसत मूल्यभन्दा दोब्बर प्रस्ताव गरे ।

नेपालले बेच्न खोज्दा सस्तोमा प्रस्ताव हाल्ने, किन्न खोज्दा महँगोमा । प्रतिस्पर्धा गराएको कुनै अर्थै भएन । यसको मतलब नेपालको बिजुलीप्रति भारत 'रणनीतिक' बनेको छलंग छ । यही कुरामा नेपालका प्रधानमन्त्री, ऊर्जा मन्त्री वा परराष्ट्र मन्त्रीहरुलाई मतलब छैन ।

ऊर्जा सचिव वा प्राधिकरणको कार्यकारी निर्देशक तहमा यो विषय (एचपीओ र आईएसटीएस) सल्टनेवाला छैन । यो विषय नेपालले प्रधानमन्त्री तहमा उठाउनुपर्छ । आगामी जनवरीको अन्तिम साता हुने प्रस्ताव गरिएको ऊर्जा सचिव तथा सहसचिव स्तरीय बैठक (जेडब्लूजी र जेएससी) मा यो विषय उठाइए पनि भारत त्यति सकारात्मक हुने छाँट छैन । होइन, सचिव स्तरीय बैठकमा भारत सहमत भयो भने त्यो उपलब्धि हुनेछ । तर, कूटनीतिक र उच्च राजनीतिक तहमा यसको छलफल गरी भारतीय बजार सुरक्षित गर्नु नेपालको हितमा छ । नेपालले यस्तो नीति अख्तियार गरेर भारतीय बिजुलीलाई समावेश नगरेको भए नेपालमाथि ठूलो दबाब पर्ने थियो र नीति लागू हुनेबित्तिकै परिवर्तन भइहाल्थ्यो– केपी ओली प्रधानमन्त्री हुँदा भारतीय विषादी मिश्रित तरकारी आयातमा प्रतिबन्ध लगाउने निर्णय क्षणभर टिक्न नसकेझैं ।

निर्यात गर्न अनुमति दिएको छैन । उसको 'सदाशयता' पर्खेर बस्नुपरेको अवस्था छ । भारतले बिजुली लिइदिएन भन्दै रोइलो गर्नुको साटो यहीं खपत गर्ने नीति लिनुपर्थ्यो । नेपालमा वर्षायाममा बिजुली खेर जाँदैछ भनेर आजभन्दा दस वर्षअघि नै थाहा थियो । तर, कुनै पनि ऊर्जा मन्त्रीमा नेपालमा बिजुली खपत गराउनुपर्छ भन्ने चेत आएन । ऊर्जा मन्त्रीहरुका ध्यान केवल पीपीए, लाइसेन्स, ठेक्कापट्टा कसलाई दिलाउने र कसरी हुन्छ सक्दो कमीसन लुँड्याउनेमा सीमित भयो ।

स्वदेशमै बिजुली खपत गराउन प्रसारण तथा वितरण संरचनाहरु बलियो हुनुपर्छ, यसका लागि लगानी गर्नुपर्छ भन्नेतिर ध्यान गएन । ओलीले नियुक्त गरेका अर्थ मन्त्रीले प्राधिकरणको बजेट कटौती गरिदियो । खतिवडालाई कुलमानको अनुहार देख्यो कि रिस उठ्थ्यो । खतिवडाको पालामा विद्युतीकरण तथा प्रसारण लाइन, सवस्टेशन निर्माणमा गएका बजेट रोकिदिए । देशको अर्थमन्त्रीले देश हेर्ने कि व्यक्तिगत रीसइबीमा उत्रने ?

ओलीको सरकार जोगाउन ल्याएका पात्रहरु (ऊर्जा मन्त्री) ले मुलुकको यति गहिरो कुरो बुझ्ने क्षमता राखेन । आफूसँग कुनै विज्ञता छैन भने प्राधिकरणकै विज्ञहरुको सल्लाह मान्न सकिन्थ्यो ।तर, नियत सफा थिएन र नै माओवादीबाट ऊर्जा मन्त्री भएका आठजनाले यो क्षेत्र ध्वस्त पार्नेतिर लागे, त्यसैको असर अहिले भारतले उसको नीतिमा परिवर्तन गर्दा नेपालको विद्युतमा असर पर्न गएको हो । यहीं मजाले खपत हुन्थ्यो त भारतले नीति परिवर्तन गर्दा टाउको दुखाई हुने थिएन । यी सबै कुरा किन भए भन्दा हाम्रा दलका नेताहरु देश बनाउने होइन आफू, आफ्ना आसेपासे, कार्यकर्ता बनाउने र गोजी भर्नेमा सीमित भएकाले गर्दा हो ।

रकारी स्तर (मन्त्रालय वा प्राधिकरण) मा विद्युत् व्यापारमा गरिएका प्रयास भारतीय नियतका कारण प्रभावकारी हुन सकेन । नेपालका निजी क्षेत्रले भारतका निजी क्षेत्रसँग मिलेर विद्युत् व्यापार गर्न खोज्दा कहिले संसद्रूले, कहिले ऊर्जा मन्त्रीले रोक्ने, कहिले राष्ट्रपतिले रोक्ने काम भयो । संसद्रूले नयाँ विद्युत् विधेयक कहिल्यै पारित गरेन ।

ससयौं संशोधन प्रस्ताव परे, छलफलसमेत भएन । बिजुलीको व्यापार गर्न मन्त्रिपरिषद्ले अनुमति दिनुपर्थ्यो, त्यो कहिल्यै भएन । बरु तत्कालीन ऊर्जा मन्त्री टोपबहादुर रायमाझीले प्राधिकरणले गर्दै आएको विद्युत् व्यापार खोसेर विशाल ग्रुपलाई दिन तम्से । मन्त्रिपरिषद्ले अन्य कम्पनीलाई अनुमति दिएन । कानुन नभएको देखाएर । संसद्रूको अधिवेशन नभएका बखत सरकारले निजी क्षेत्रले पनि विद्युत् व्यापार गर्न पाउने गरी अध्यादेश जारी गराउन खोज्यो, राष्ट्रपतिले रोकिन् । कारण थियो, उक्त अध्यादेश जारी भयो भने त्यसको जश तत्कालीन गठबन्धनलाई जान्थ्यो । राष्ट्र आर्थिक रुपले सम्पन्न हुने विषयमा समेत राष्ट्रपतिले राजनीति गरिन् । कम्तीमा त्यो अध्यादेश जारी भइदिएको भए निजी क्षेत्र जसरी पनि भारतको निजी क्षेत्रलाई बिजुली बेच्न पाउँथे ।

भारतले विद्युत्  प्रसारण शुल्कबारे नयाँ नीति लिएको छ, जुन नीतिका कारण नेपालको बिजुली भारतीय बजारमा महँगो पर्ने भयो भने भारतीय जलविद्युत् सस्तो । यसले गर्दा आगामी दिनमा नेपालबाट निर्यात हुने बिजुली प्रभावित हुने चिन्ता बढाएको छ ।अर्कोतर्फ, प्राधिकरण वा निजी क्षेत्रले बनाएको प्रसारण लाइन अर्को कुनै कम्पनीले उपयोग गरेमा त्यसको मूल्य कति हुने भनेर प्रसारण शुल्क तोक्ने काम हो विद्युत् नियमन आयोगको । आयोग स्थापनाको उद्देश्य नै प्रसारण शुल्क तोक्ने, ग्रीड कोड लागू गर्ने आदि थियो । तर, आयोगले हकप्रद शेयर जारी गर्ने अनुमति दिँदा च्याँखे थाप्ने, उसका केही पदाधिकारीलाई 'खुशी नपारे' अनुमति नै नदिने गर्दै आयो । बिजुली निर्यातजस्तो राष्ट्रियता जोडिएको, मुलुकको आर्थिक समृद्धि गाँसिएको विषयमा उदासीन रह्यो । अर्थात् जे गर्न संस्था खडा गरिएको थियो, त्यसविपरीत कार्य गर्दै आइरहेको छ । यसले गर्दा नेपालमा पदमा बस्नेहरु नै खोटो छन्, उनीहरुको नियत नै मुलुकको उन्नतिप्रति छैन ।

भारतले सुरूमा ३६४ मेगावाट र हालसम्म आइपुग्दा ४५२.६ मेगावाट बिजुली निर्यातको पटके अनुमति पाएको छ । यस्तो अनुमति एक वर्षका लागि मात्र हो । अर्को वर्ष पुनः यस्तै अनुमति लिनुपर्छ । नेपालले भारतसँग दीर्घकालीन विद्युत् खरिद सम्झौता (पीपीए) गरेको होइन, पटके बजार (९६ वटा ब्लक) मा अन्तरिम प्रवेश पाएको हो । त्यसमाथि माथिल्लो तामाकोसी (४५६ मेगावाट) जस्ता आयोजनाको ठेकेदार चिनियाँ कम्पनी भएको अघोषित कारण देखाउँदै बिजुली

# नेपालको बिजुली आयातमा सहजीकरण गरिदिन भारतलाई बंगलादेशको आग्रह



काठमाडौं। बंगलादेशले नेपालको बिजुली सहजरूपमा आयातका लागि सकारात्मक सहयोग गर्न भारतलाई आग्रह गरेको छ। ऊर्जाको बढ्दो माग तथा संकट समाधानका लागि बंगलादेशले सकारात्मक वातावरण बनाइदिन भारतसँग पुनः आग्रह गरेको हो ।

बंगलादेशका विद्युत्, ऊर्जा तथा प्राकृतिक स्रोत राज्यमन्त्री नसरूल हमिदले भारतका नवीन तथा नवीकरणीय ऊर्जामन्त्री राजकुमार सिंहसँग बुधबार भएको भेटमा नेपालको बिजुली आयातका लागि देखिने गरी सहकार्य गर्न आग्रह गरेका हुन्। यसअघि गत सेप्टेम्बरमा पनि बंगलादेशकी प्रधानमन्त्री शेख हसिनाले आफ्ना भारतीय समकक्षीसँग त्यस्तै आग्रह गरेकी थिइन्।

अन ष्लकष्मभ

बंगलादेशले हाल भारतबाट एक हजार एक सय ६० मेगावाट बराबरको बिजुली लगिरहेको छ। भारतीय मन्त्री सिंहले नेपालबाट बंगलादेशमा बिजुली आयातका लागि सहकार्य गर्ने प्रतिबद्धता जनाएको बंगलादेशका सञ्चारमाध्यमले जनाएका छन्। बंगलादेशले सन् २०४० सम्म नेपालबाट नौ हजार मेगावाट बिजुली लैजाने रणनीति तय गरेको छ।

ब्चनजबपजबअजष ऋझभलतक्जचभभ क्तभभा

बंगलादेशले सुनकोशी तेस्रो जलविद्युत् आयोजनामा लगानीका लागि चासो व्यक्त गर्दै आएको छ। यस्तै, भारतीय कम्पनी ग्रान्धी माल्लिकार्जुन राव (जिएमआर)ले निर्माण गर्न लागेको नौ सय मेगावाट क्षमताको माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको पाँच सय मेगावाट बिजुली लैजाने बताएको छ। यस्तै, गत भदौ नौ गते सम्पन्न नेपाल र बंगलादेशको ऊर्जा सचिवस्तरीय बैठकले तत्काल नै नेपालबाट ५० मेगावाट बिजुली लैजाने सहमति जनाएको थियो।

बिजुली लैजानका लागि भारतीय संरचना प्रयोग गर्नुपर्ने भएकाले सम्बन्धित पक्षबीच त्रिपक्षीय छलफल गर्ने निर्णयसमेत सो बैठकले गरेको थियो। सचिवस्तरीय बैठकले भारतीय भूमि र संरचना प्रयोगका सम्बन्धमा आवश्यक सहमति जुटाउन त्रिपक्षीय छलफल गर्ने सहमति गरेको थियो।

नेपाल र बंगलादेशबीच डेडिकेटेड विद्युत् प्रसारण लाइन निर्माण गर्न भारतको अनुमति आवश्यक छ। बंगलादेशले प्रारम्भिक चरणमा ४० देखि ५० मेगावाट बराबरको बिजुली लैजान सकिने बताएको थियो। बंगलादेशको भेरामारामा अवस्थित हाइ भोल्टेज डाइरेक्ट करेन्ट संरचनाको बाँकी रहेको क्षमता उपयोग गरी नेपालबाट त्यहाँ प्रारम्भिक चरणमा बिजुली निर्यातको मार्ग खोल्ने तयारी गरेको छ।

विद्युत् निर्यातका लागि नेपाल विद्युत् प्राधिकरण र बंगलादेश पावर डेभलपमेन्ट बोर्ड र भारतको एनटीपीसी व्यापार निगमबीच त्रिपक्षीय समझदारी हुन आवश्यक छ। प्राधिकरण र बंगलादेशको बोर्डले भारतीय पक्षलाई अनुरोध गर्ने सहमतिसमेत भएको थियो।

एनभिभिएन भारतको ऊर्जा व्यापारको 'नोडल एजेन्सी' हो। बंगलादेशले हाल भारतबाट बिजुली लगिरहेको संरचनाले धान्ने बराबरको बिजुली लैजान तयार रहेको जनाएको थियो।

विद्यमान संरचनाले करिब ४० देखि ५० मेगावाटसम्म बिजुली लैजान सकिने देखिएको छ। बंगलादेशले कूल छ सय ८३ मेगावाट क्षमताको सुनकोसी तेस्रो जलविद्युत् आयोजना निर्माणका लागि सहमति जनाउँदै त्यसका लागि संयुक्त उपक्रममा रहने गरी प्रक्रिया अगाडि बढाइने सहमति गरको छ।

# नेपालको विद्युतको लागि खुल्दैछ बंगलादेशको ढोका



५ माघ, काठमाडौं । नेपालको बिजुलीलाई भारत हुँदै बंगलादेश पुग्न दिन भारत सकारात्मक देखिएको छ । भारत सरकारसँग नेपाल र बंगलादेशले संयुक्त रूपमा बंगलादेशमा प्रारम्भिक रूपमा ५० मेगावाट बिजुली भारत लैजानका लागि प्रशारण पूर्वाधारप्रयोगको अनुमति दिन प्रस्ताव गरेका छन् । दुवै देशको अनुरोधमा भारतले प्रक्रिया अघि बढाएपछि नेपाल र बंगलादेश उत्साहित छन् ।

आगामी फेब्रूअरीको तेस्रो साता नयाँ दिल्लीमा हुने नेपाल-भारत ऊर्जा सचिवस्तरीय बैठकमा यसबारे थप छलफल हुने भएको छ । २२ पुसमा भएको बंगालदेश-भारत विद्युत सहयोगसम्बन्धी द्विपक्षीय बैठकमा पनि यसबारे छलफल भएको थियो ।

नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ बढीमा ३ महिनाभित्र भारत हुँदै बंगलादेशमा विद्युत व्यापारको ढोका खुल्न सक्ने बताउँछन् । 'भारत सकारात्मक रहेको जानकारी पाएका छौं, बंगलादेशमा विद्युत निर्यात गर्न हामी पनि उत्साहित छौं,' उनले भने, 'सानो परिमाणमा भएपनि सांकेतिक रूपमा बंगलादेशसँग विद्युत व्यापार थाल्न सकियो भने त्यसले थप क्षेत्रीय विद्युत बजारको ढोका खुल्छ, हाम्रो जलविद्युतको सम्भावना थप फैलिन्छ ।'

अहिले पनि भारत र बंगलादेश विद्युत व्यापार गरिरहेकै छन् । दुबै देशबीच ७६५ केभीको लाइन पनि बन्दैछ । यदि अहिले सांकेतिक रूपमा मात्रै बंगलादेशमा विद्युत निर्यात थाल्न सके भविष्यमा हजारौं मेगावाट विद्युत बंगलादेशमा बेच्ने बाटो खुल्ने छ ।

बंगलादेशले पनि भारतसँग पटक-पटक नेपालसँगको प्रसारणलाइन कनेक्टिभिटी र विद्युत व्यापारका लागि ढोका खुला गरिदिन आग्रह गर्दै आएको छ । भारतसँग विद्युत व्यापार गरिरहेको बंगलादेश नेपालसँग सोझै प्रसारणलाइनमा जोडिएपछि नेपालको जलविद्युत आयोजनाहरूमा लगानी गर्न इच्छुक छ ।

सोही वातावरण तयार गर्न नेपाल र बंगलादेशले संयुक्त रूपमा नै भारत सरकारलाई आफ्नो प्रसारणलाइन प्रयोग गर्न दिएर नेपाल-बंगलादेश विद्युत व्यापारको ढोका खुला गर्न आग्रह गर्दै आएका छन् ।

बंगलादेशले गत २२ पुसमा मात्रै भारतसँग नेपालबाट जलविद्युत आयात गर्न भारतसँग निर्णायक भूमिका खेल्नका लागि लागि आग्रह गरेको थियो । बंगलादेशका ऊर्जा तथा खनिज राज्यमन्त्री नसरूल हमिदले ऊर्जा तथा नवीकरणीय ऊर्जामन्त्री राजकुमार सिंहलाई नेपाल र भुटानबाट जलविद्युतको आयात गर्न चाहेको भन्दै 'देखिने गरी सहयोग गर्न' भारत सरकारसँग प्रस्ताव गरेका थिए । जवाफमा भारतीय ऊर्जामन्त्री सिंहले नेपालबाट विद्युत आयातमा सहयोग गर्ने आश्वासन दिँदै उनले बंगलादेशको विद्युत् क्षेत्रको विकासका लागि मिलेर अघि बढ्न सक्ने बताएको खबर भारतीय सञ्चारमाध्यमहरूले प्रकाशित गरेका थिए ।



## दुई देशको निरन्तर पहल

नेपाल र बंगलादेशबीच २०७५ साउनमै विद्युत विकास तथा आदानप्रदान र प्राविधिक सहयोगमा सहकार्य गर्ने गरी 'इनर्जी को-अपरेसन' सम्बन्धी समझदारी (एमओयू) भएको थियो । एमओयूमा द्विपक्षीय आर्थिक तथा व्यापारिक विकासमार्फत क्षमता अभिवृद्धि, विद्युत उत्पादन, ग्रिड कनेक्टिभिटी, ऊर्जा दक्षता, नवीकरणीय ऊर्जा तथा जलविद्युत् विकासमा सहकार्य हुने विषयहरू थिए । यो समझदारी कार्यान्वयनका लागि ऊर्जा सचिव र सहसचिवस्तरीय समितिका बैठक पटक-पटक बसेका छन् ।

तर, भारतलाई विश्वासमा लिन नसक्दा नेपाल-बंगलादेश ऊर्जा सहकार्यको योजना अधुरै छ । त्यसैकारण दुवै देशले भारतमाथि कूटनीतिक तवरमा पनि सहजीकरणको माग गर्दै दबाब बढाएका छन् ।

२८ असोज २०७६ मा दिल्लीमा भएको नेपाल-भारत ऊर्जा सचिवस्तरीय ज्वाइन्ट स्टेयरिङ कमिटीको सातौं बैठकमा 'नेपाल, भारत र बंगलादेशबीच त्रिपक्षीय सम्झौता आवश्यक भएको र यसबारे छलफल गर्न भारतीय विदेश मन्त्रालयले तीन महिनाभित्र छुट्टै बैठक आयोजना गर्ने' सहमति भएको थियो ।

तर, त्यसपछि भारतले बोली फेर्दै ऊर्जा प्रशासनले यो विषयलाई तीनै देशले विदेश मन्त्रालयस्तरको वार्ताबाट मात्रै टुंगोमा पुऱ्याउनुपर्ने बताउन थालेको थियो । १४ मंसिर २०७७ मा भएको आठौं नेपाल-भारत ऊर्जा सचिवस्तरीय बैठकमा पनि त्रिदेशीय बैठक आयोजना गर्न नेपालले गरेको प्रस्तावमा भारतीय पक्षले परराष्ट्र मन्त्रालयहरूले यसबारे छलफल गर्न सक्ने जवाफ दिएको थियो ।

दुवै देशको निरन्तरको पहलपछि भारतले आफ्नो नोडल एजेन्सीमार्फत भारत हुँदै दुई देशबीच आफ्ना पूर्वाधार प्रयोग गरेर बिजली व्यापारको अनुमति दिन सक्ने गरी कानुनी व्यवस्था गरेको थियो । १४ फागुन २०७७ मा भारतले 'अन्तरदेशीय विद्युत व्यापारको कार्यविधि' जारी गर्दै तोकिएका प्रक्रिया पुरा गरेर भारतको बाटो भएर ऊर्जा सहकार्यको समझदारी भएका छिमेकी देशले बिजुली आदान-प्रदान गर्न सक्ने व्यवस्था गरेको छ ।

त्यसका आधारमा नेपाल र बंगलादेशले भारतबाट अनुमति लिन थप पहल गर्ने सहमति गरेका छन् । गत ९ भदौमा काठमाडौंमा भएको नेपाल र बंगलादेशबीच ऊर्जा सहकार्यका लागि गठित ऊर्जा सचिवस्तरीय संयुक्त सञ्चालन समिति (जेएससी)को बैठकमा ५० मेगावाटसम्मको बिजुली व्यापार गर्न सहमत नेपाल र बंगलादेश भएका थिए । तत्कालका लागि सिलगुडी करिडोरमा रहेको भारतीय ट्रान्समिसन लाइन प्रयोग गर्न भारतसँग सहमति माग्ने बंगलादेश र नेपाली पक्षको निर्णय थियो ।

सो बैठकमा बंगलादेश र नेपालले भारत सरकारको नोडल एजेन्सी एनटीपीसी विद्युत व्यापार निगम (एनभीभीएन)सँग यससम्बन्धी समझदारीका लागि आग्रह गर्ने सहमति गरेको थियो । भारत सरकारसँग प्रसारणलाइन प्रयोगको अनुमति लिएर भारतीय नोडल एजेन्सी एनभीभीएनमार्फत विद्युत व्यापार सुरू गर्ने नेपाल र बंगलादेशको योजना छ ।

बंगलादेश र नेपालबीचको विद्युत व्यापार थाल्न भारत सहमत भएमा त्रिपक्षीय सम्झौता गर्नुपर्ने हुन्छ । यसका लागि भारतीय भूमिको प्रसारणलाइन लगायतका पूर्वाधार प्रयोग र त्यसमा लाग्ने शुल्क जस्ता विषयमा पनि सहमति जुट्नुपर्छ ।

अहिले नेपाल र बंगलादेशको सीमाहरूसम्म रहेको प्रसारणलाइन र पूर्वाधारले ५० मेगावाटभन्दा बढीको बिजुली व्यापार गर्न नसकिने प्राविधिक विश्लेषण छ । तर, सांकेतिक रूपमा भारतलाई पनि सहभागी गराएर ऊर्जा व्यापार थाल्न सकिए त्यसले भविष्यमा थप ऊर्जा सहकार्यको वातावरण बन्ने दुबै पक्षको विश्वास छ ।



**बंगलादेशको हुटहुटी**

भविष्यमा भारतको साथ लिएर नेपाल-भारत- बंगलादेश प्रसारण कारिडोर निर्माण गर्ने समेत दुवै देशको योजना छ । नेपाल विद्युत प्राधिकरण र बंगलादेश पावर डेलभमेन्ट बोर्डबीच संयुक्त कम्पनी स्थापना गरेर नेपालमा सुनकोशी-३ जलविद्युत आयोजना बनाउन बंगलादेश अग्रसर छ । नेपालसँग सो आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन लिएको बंगलादेशले अध्ययन गरेर लगानी मोडालिटी तय गर्न चाहेको छ ।

आगामी फागुनमा बस्ने नेपाल-बंगलादेश ऊर्जा सचिवस्तरीय बैठकमा लगानी मोडालिटीमा सहमति गर्न नेपाल पनि पनि सहमत छ । यस्तो परियोजनाबाट उत्पादित बिजुली बंगलादेशसम्म लैजाने वातावरण बनाउन बंगलादेश भारतसँग सघन छलफलमा छ ।

केही वर्षयता नेपाल र बंगलादेशबीच डेडिकेटेड ट्रान्समिसन लाइन निर्माणको सम्बन्धमा छलफल चलिरहेको छ । नेपालमा भारतीय कम्पनी गान्धी मल्लिकार्जुन राओ (जीएमआर)ले निर्माण गर्ने माथिल्लो कर्णाली जलविद्युत आयोजनाबाट ५०० मेगावाट बिजुली किन्न बंगलादेशले प्रारम्भिक सहमति जनासकेको छ । यसका कारण पनि भारतले नेपाल र बंगलादेशबीच विद्युत व्यापार खुला गर्नुपर्ने अवस्था छ ।

नेपालले लक्ष्यअनुसार १० वर्षमा १५ हजार मेगावाट बिजुली उत्पादन गरेमा बंगलादेश पनि नेपाली बिजुलीको प्रमुखमध्येको एक बजार बन्न सक्ने विज्ञहरु नै बताउँछन् । त्यसको महत्वपूर्ण आधार भनेको तीव्र गतिमा भइरहेको बंगलादेशको औद्योगीकरण हो ।

बंगलादेश सरकारको प्रक्षेपणका आधारमा बंगलादेशलाई सन् २०३० सम्म ४० हजार मेगावाट र सन् २०४१ सम्म ६० हजार मेगावाट बिजुली आवश्यक पर्छ । अहिले उर्जाका लागि बंगलादेशले डिजल, ग्याँस र कोइलामा ठूलो खर्च गरिरहेको छ । यसबाट भइरहेको वातावरणीय प्रदूषण अर्को चिन्ताको विषय बनेको छ ।

बिजुलीको माग उच्च रुपमा वृद्धि भइरहेका कारण मात्रै होइन, अन्तर्राष्ट्रिय मञ्चमा कार्वन उत्सर्जन कटौतीको लागि गरिएका प्रतिवद्धता पूरा गर्न पनि बंगलादेश नेपालबाट बिजुली लैजान आतुर छ ।

नेपाल विद्युत प्राधिकरणका अधिकारीहरू नेपालको जलविद्युतमा भइरहेको बढ्दो लगानीका कारण पनि भारत, बंगलादेश, श्रीलंका र चीनसहित अरु क्षेत्रीय बजारसम्म जानुपर्ने बताउँछन् ।

# भारतमा थप ५०० मेगावाट बिजुली निर्यातको प्रस्ताव



**बंगलादेशमा ९ हजार मेगावाट बिजुली निर्यातका लागि देला भारतले अनुमति ?**

**काठमाडौं-** भारतसँग पावर ट्रेड व्यापारको बैठकमा नेपालले थप ५०० मेगावाट विजुली निर्यातको प्रस्ताव गर्ने भएको छ। मन्त्रिपरिषद्ले नेपाल-भारत विद्युत व्यापार सम्झौता अन्तर्गतको संयुक्त कार्य समूह तथा संयुक्त सञ्चालक समितिको १० औं बैठकमा भाग लिनका लागि अनुमती दिइसकेको छ।

ѐबनभक
ѐबनभक
जसका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरे नेतृत्वको टोली बैठकमा भाग लिन जाँदै छन्। आगामी साता हुने बैठकमा नेपालको तर्फबाट पावर ट्रेडसहितका एजेन्डा हुने मन्त्रालयका प्रवक्ता मधु भेटुवालले जानकारी दिए।

ѐबनभक
बैठकमा ४५६ मेगावाटको माथिल्लो तामाकोशीको बिजुली निर्यातलाई मुख्य प्राथमिकतामा राख्ने भएको छ। यता बंगलादेशले सन् २०४० सम्म नेपालबाट ९ हजार मेगावाट बिजुली लैजाने रणनीति तय गरेको छ। जसका लागि भारतमा संरचना तयार गर्नुपर्ने हुन्छ।

ѐबनभक
'पावर ट्रेड, ट्रान्समिसन लाईन विस्तार लगायतका विषयमा बैठकमा छलफल हुने छ,' प्रवक्ता भेटुवालले भने। सरकारले बंगलादेशमा व्यापार विस्तारका लागि पनि भारतसरकारसँग ट्रान्समिसन लाईन निर्माणका लागि अनुमती माग गरिरहेको छ। केही समय अगाडि मात्रै बंगालादेशले पनि भारतलाई सहजीकरण गर्न आग्रह गरेको थियो।

सरकारले ट्रान्समिसनलाइनसँगै आगामी वर्षादको समयमा थप ५०० मेगावाट विजुली निर्यातको लागि पनि प्रस्ताव गर्ने भएको छ। भारतले पुस ३ गतेसम्म इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा करिब ४५२ मेगावाट बबराबरको आयोजनाले निर्यातको अनुमति दिएको थियो।

नेपाल प्राधिकरणले भारतमा विद्युत निर्यात गरेर ७ महिनामा ११ अर्बभन्दा बढी आम्दानी गरेको थियो। प्राधिकरणले १ अर्ब ३५ करोड ७७ लाख ५७ हजार युनिट विद्युत भारत निर्यात गरेको थियो। प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत् गत १९ जेठदेखि इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत बिक्री सुरू गरेको थियो।
सुरूमा दुईवटा विद्युत्गृहको ३९ मेगावाट उत्पादित विद्युतलाई स्रोत मानी दैनिकरुपमा आइएक्समा बिक्री गरिएको थियो। त्यसपछि २७ गतेदेखि विभिन्न ६ वटा जलविद्युत्गृहबाट उत्पादित विद्युत्लाई स्रोत मानी दैनिकरुपमा तीन सय ६४ मेगावाट भारतीय बजारमा प्रतिश्पर्धी दरमा बिक्री हुँदै आएको थियो। आइएक्समा २४ घण्टालाई १५/१५ मिनेटको ९६ वटा ब्लकमा विभाजन गरी बजारले तय गरेको प्रतिस्पर्धी दरमा विद्युत्को कारोबार गरिन्छ। त्यसैले हरेक ब्लकको मूल्य फरक-फरक हुने गरेको छ।

प्राधिकरणको स्वामित्वका त्रिशूली तथा देवीघाटको ३७.७ मेगावाट, कालीगण्डकी एको १४० मेगावाट, मध्यमर्स्याङ्दीको ६८ मेगावाट, मर्स्याङ्दीको ६७ मेगावाट निजी क्षेत्रको लिखु-४ बाट उत्पादित ५१ मेगावाट विद्युत दैनिक रूपमा भारतीय बजारमा निर्यात भइरहेको छ। २४.२५ मेगावाटको काबेली-बी १ र १९.४ मेगावाटको तल्लो मोदी आयोजनाको बिजुली निर्यात भएको थियो।

प्राधिकरणले गत जेठ १९ देखि यही पुस ३ सम्म विद्युत निर्यात गरी ११ अर्ब १६ करोड ३० लाख रूपैयाँ आम्दानी गरेको थियो। प्राधिकरणले आउने वर्ष २० अर्ब निर्यातको लक्ष्य लिएको छ। प्राधिकरणले देशभित्र खपत गरी बढी भएको विद्युत भारतलाई बिक्री गरेको हो। प्राधिकरणले इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स) को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत् बिक्री सुरू गरेको थियो।

भारतले सुरूमा दुईवटा जलविद्युत् केन्द्रबाट उत्पादित ३९ मेगावाट विद्युतलाई स्रोत मानी दैनिक रूपमा आइएक्समा बिक्री सुरू गरिएको थियो। त्यसपछि गत जेठ २७ बाट ६ वटा जलविद्युत् केन्द्रबाट उत्पादित विद्युतलाई स्रोत मानी दैनिकरूपमा ३ सय ६४ मेगावाट भारतीय बजारमा विभिन्न दरमा बिक्री गरिएको थियो।

चिलिमे जलविद्युत् कम्पनी लिमिटेडले उत्पादन गरेको २२ मेगावाट बिजुली भारत निर्यात हुने भएको थियो। चिलिमे जलविद्युत् कम्पनीको बिजुली निर्यातका लागि यही कात्तिक १४ गते अनुमति प्राप्त गरेको थियो।

सम्भव होला बंगलादेशमा ९ हजार मेगावाट बिजुली?

बंगलादेशले नेपालको बिजुली सहजरूपमा आयातका लागि सकारात्मक सहयोग गर्न भारतलाई गत पुसमा आग्रह गरेको थियो। ऊर्जाको बढ्दो माग तथा संकट समाधानका लागि बंगलादेशले सकारात्मक वातावरण बनाइदिन भारतसँग पुनः आग्रह गरेको थियो।

बंगलादेशका विद्युत्, ऊर्जा तथा प्राकृतिक स्रोत राज्यमन्त्री नसरूल हमिदले भारतका नवीन तथा नवीकरणीय ऊर्जामन्त्री राजकुमार सिंहसँग भेटमा नेपालको बिजुली आयातका लागि देखिने गरी सहकार्य गर्न आग्रह गरेका थिए। यसअघि गत सेप्टेम्बरमा पनि बंगलादेशका प्रधानमन्त्री शेख हसिनाले आफ्ना भारतीय समकक्षीसँग त्यस्तै आग्रह गरेका थिए।

बंगलादेशले हाल भारतबाट एक हजार एक सय ६० मेगावाट बराबरको बिजुली लगिरहेको छ। बंगलादेशले सन् २०४० सम्म नेपालबाट ९ हजार मेगावाट बिजुली लैजाने रणनीति तय गरेको छ। बंगलादेशले सुनकोशी तेस्रो जलविद्युत् आयोजनामा लगानीका लागि चासो व्यक्त गर्दै आएको छ।

यस्तै, भारतीय कम्पनी ग्रान्धी माल्लिकार्जुन राव (जीएमआर)ले निर्माण गर्न लागेको नौ सय मेगावाट क्षमताको माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको पाँच सय मेगावाट बिजुली लैजाने बताएको छ।

यस्तै, गत भदौ नौ गते सम्पन्न नेपाल र बंगलादेशको ऊर्जा सचिवस्तरीय बैठकले तत्काल नै नेपालबाट ५० मेगावाट बिजुली लैजाने सहमति जनाएको थियो।

नेपाल र बंगलादेशबीच डेडिकेटेड विद्युत् प्रसारण लाइन निर्माण गर्न भारतको अनुमति आवश्यक छ। विद्युत् निर्यातका लागि नेपाल विद्युत् प्राधिकरण र बंगलादेश पावर डेभलपमेन्ट बोर्ड र भारतको एनटीपीसी व्यापार निगमबीच त्रिपक्षीय समझदारी हुन आवश्यक छ।

# Contact Us

Hydro Solutions
Agro. Capital Market. Education. Hydropower. Manufacturing. Real Estate. Tourism.




**Dillibaza,Charkhal Kathmandu,Nepal**
**P.O. Box: 3572, Kathmandu, Nepal**
**Email: info@hydrosolutions.com.np**
**Tel: + 977-1-4424644**